बैठक नं.४
निर्णयहरु

१. कोभिड-१९ संक्रमणको कारण स्थलमार्गवाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुको लागि आवश्यक व्यवस्थापन गर्न र सोको लागि Quarantine Management समेत व्यवस्थापन गर्नुपर्ने अवस्थामा रहेका ईलाम, झापा, मोरङ, सप्तरी, सिराह, महोत्तरी, सर्लाही, रौतहट, पर्सा, नवलपरासी(पश्चिम), रुपन्देही, कपिलवस्तु, बांके, बर्दिया, कैलाली, कंचनपुर, बैतडी र दार्चुला जिल्लाहरुमा सो सम्वन्धी कार्यको लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा रु.पाँच लाख (५,००,०००/-)का दरले निकासा दिने।

२. Covid-19 को उपचार तथा अनुसन्धान लगाएतका कार्यको लागि अर्थ मन्त्रालयवाट शिफारिस भै आएका देहायका संस्थाहरुलाई निम्न वमोजिम रकम निकासा दिने ।

तपशिल

| | | |
|---|---|---|
| १. | जी.पि.कोईराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र | ३५,००,०००/- |
| २. | भरतपुर अस्पताल, चितवन | ३०,०००००/- |
| ३. | कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौडा | ५,०००००/- |
| ४. | गजेन्द्रनारायण सिंह अस्पताल | ६०,०००००/- |
| ५. | कोशी अस्पताल | १,००,०००००/- |
| ६. | डडेल्धुरा अस्पताल | ६०,०००००/- |
| ७. | नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, काठमाण्डौ | १,३८,७८००००/- |
| | जम्मा | ४,२७,७८,०००/- |

३. मुलुकका सातवटै प्रदेशका उपयुक्त स्थानमा कम्तिमा एक हजार (१०००) वेड क्षमताको निर्धारित मापदण्ड बमोजिमको Quarantine स्थल एवं सम्भावित संक्रमणको आंकलनको आधारमा आवश्यक वेड संख्या सहितको Isolation Ward तत्कालै अस्थायी संरचना निर्माण वा मौजुदा संरचनामा आवश्यक मर्मत सुधार गरी व्यवस्थापन गर्नको लागि आवश्यक Drawing, Design, र Cost Estimate सहित रकम माग भई आएमा यसकोषबाट रकम उपलव्ध गराउन सकिने भएकोले सवै प्रदेश सरकारहरुलाई तदनुरूप गर्न जानकारी गराउने ।

४. स्थानीय तहहरुवाट COVID-19 को संक्रमणको रोकथाम नियन्त्रण र उपचार एवं राहत बितरण समेतका कार्यमा २०७७ बैशाख मसान्त् सम्म भएको खर्च (नगद तथा जिन्सी समेत)को विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संकलन गरी आगामी वैठकमा पेश गर्ने ।

५. नेपाल सरकार एवं प्रदेश सरकारवाट COVID-19 संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार एवं राहत वितरण कार्यमा २०७७ बैशाख मसान्त सम्म भएको खर्च (नगद तथा जिन्सी समेत)को विवरण महालेखा नियन्त्रक कार्यालयले आगामी बैठकमा प्रस्तुत गर्ने।

सचिव

(उपाध्यक्ष)
राष्ट्रिय योजना आयोग

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं